गोरखापत्रमा मिति २०८०।०९।०३ मा प्रकाशित सूचना

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र

# लघु, घरेलु तथा साना उद्यमीलाई प्रविधि हस्तान्तरण तथा सीप विकास सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०/०९/०३)

यस केन्द्रको आ.व. २०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार लागत सहभागितामा लघु तथा घरेलु उद्योगमा प्रविधि सहयोग कार्यक्रम, लघु उद्यम तथा मागमा आधारित प्रविधि हस्तान्तरण कार्यक्रम, लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन गर्न मागमा आधारित प्रविधि हस्तान्तरण कार्यक्रम तथा स्थानीय कच्चा पदार्थमा आधारित लघु, घरेलु तथा साना उद्यमीलाई प्रविधि हस्तान्तरण गर्ने नमुना कार्यक्रम अन्तर्गत लागत सहभागितामा आधारित प्रविधि हस्तान्तरण गर्ने र च्यूरी प्रशोधन तथा च्यूरीको साबुन प्रवर्द्धन कार्यक्रममा सहयोग तथा प्रविधि खरिद कार्यक्रम, मह उत्पादन तथा प्रशोधन केन्द्रको स्थापनामा सहयोग तथा प्रविधि खरिद कार्यक्रम, बेसार प्रशोधन र गुणस्तरीय प्याकेजिङ्ग तथा बजारीकरणमा नमुना उद्यम निर्माणमा सहयोग तथा प्रविधि खरिद कार्यक्रम, अल्लो लगायत रेशाजन्य कच्चापदार्थमा आधारित उद्योग प्रवर्द्धन (सीप विकास तथा प्रविधि सहयोग) कार्यक्रम तथा माटोमा आधारित (सेरामिक्स) तालिम तथा प्रविधि सहयोग कार्यक्रम अन्तर्गत लागत सहभागितामा आधारित प्रविधि हस्तान्तरण गर्ने र मागमा आधारित सीप विकास तालिम समेत प्रदान गर्ने कार्यक्रम रहेको हुँदा प्रविधि हस्तान्तरण तथा सीप विकास तालिमको आवश्यकता भएका आ-आफ्नो विषय/क्षेत्र/किसिमसँग सम्बन्धित लघु, घरेलु तथा साना उद्योगमा संलग्न उद्यमीहरुले यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र तोकिएका कागजातहरु संलग्न गरी यस केन्द्रमा प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। प्रस्ताव पेश गर्ने तरिका र सूचना सम्बन्धी विस्तृत जानकारी यस केन्द्रको वेबसाइट www.mcsipc.gov.np को सूचनापाटीमा प्रकाशित सूचनाहरुबाट लिन सकिनेछ। प्रस्तावसाथ संलग्न गर्नुपर्ने कागजात र कार्यक्रम सञ्चालन सम्बन्धी विस्तृत जानकारीका लागि केन्द्रको वेबसाइटमा रहेको लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन तथा प्रविधि हस्तान्तरण कार्यविधि, २०८० अध्ययन गर्न तथा केन्द्रमा सम्पर्क गर्न सकिनेछ।

**लघु, घरेलु तथा साना उद्यमीलाई प्रविधि हस्तान्तरण तथा सीप विकास मागको प्रस्ताव पेश गर्ने बारे गोरखापत्र दैनिकमा मिति २०८०/९/३ मा प्रकाशित सूचनासम्बन्धी विस्तृत विवरण**

(वेवसाईटमा प्रकाशित मिति २०८०/९/३)

लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रको आ.व. २०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार **लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन तथा प्रविधि हस्तान्तरण कार्यविधि, २०८०** बमोजिम लघु, घरेलु तथा साना उद्यमीलाई लागत सहभागितामा आधारित प्रविधि (मेशिन/उपकरण/औजार) हस्तान्तरण तथा सीप विकास तालिम समेत प्रदान गरिने भएको हुँदा आआफ्नो विषय/क्षेत्र/किसिमसँग सम्बन्धित लघु, घरेलु तथा साना उद्योगमा संलग्न उद्यमीहरुले यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र तोकिएका कागजातहरु संलग्न गरी देहायका शर्तहरुको अधीनमा रही यस केन्द्रमा प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**१. कार्यक्रम, प्रस्ताव पेश गर्न सक्ने विषय र लक्षित वर्ग**

| सि.नं. | कार्यक्रम | प्रस्ताव पेश गर्न सकिने विषय | प्रस्ताव पेश गर्न सक्ने लक्षित वर्ग |
|---|---|---|---|
| १ | लागत सहभागितामा लघु तथा घरेलु उद्योगमा प्रविधि सहयोग | प्रविधि हस्तान्तरण मात्र | लघु तथा घरेलु उद्योगमा संलग्न उद्यमीहरु |
| २ | लघु उद्यम तथा मागमा आधारित प्रविधि हस्तान्तरण | प्रविधि हस्तान्तरण मात्र | लघु उद्योगमा संलग्न उद्यमीहरु |
| ३ | लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन गर्न मागमा आधारित प्रविधि हस्तान्तरण | प्रविधि हस्तान्तरण मात्र | लघु, घरेलु तथा साना उद्योगमा संलग्न उद्यमीहरु |
| ४ | स्थानीय कच्चा पदार्थमा आधारित लघु, घरेलु तथा साना उद्यमीलाई प्रविधि हस्तान्तरण गर्ने नमुना कार्यक्रम | प्रविधि हस्तान्तरण मात्र | स्थानीय कच्चा पदार्थमा आधारित लघु, घरेलु तथा साना उद्योगमा संलग्न उद्यमीहरु |
| ५ | च्यूरी प्रशोधन तथा च्यूरीको साबुन प्रवर्द्धन कार्यक्रममा सहयोग तथा प्रविधि खरिद | प्रविधि हस्तान्तरण र सीप विकास तालिम दुवै | च्यूरीको प्रशोधन र साबुन उत्पादनमा आधारित लघु, घरेलु तथा साना उद्योगमा संलग्न उद्यमीहरु |

| | | | |
|---|---|---|---|
| ६ | मह उत्पादन तथा प्रशोधन केन्द्रको स्थापनामा सहयोग तथा प्रविधि खरिद | प्रविधि हस्तान्तरण र सीप विकास तालिम दुवै | मह उत्पादन तथा प्रशोधनमा आधारित लघु, घरेलु तथा साना उद्योगमा संलग्न उद्यमीहरु |
| ७ | बेसार प्रशोधन र गुणस्तरीय प्याकेजिङ्ग तथा बजारीकरणमा नमुना उद्यम निर्माणमा सहयोग तथा प्रविधि खरिद | प्रविधि हस्तान्तरण र सीप विकास तालिम दुवै | बेसार प्रशोधन, प्याकेजिङ्ग तथा बजारीकरणमा आधारित लघु, घरेलु तथा साना उद्योगमा संलग्न उद्यमीहरु |
| ८ | अल्लो लगायत रेशाजन्य कच्चापदार्थमा आधारित उद्योग प्रवर्द्धन (सीप विकास तथा प्रविधि सहयोग) | प्रविधि हस्तान्तरण र सीप विकास तालिम दुवै | अल्लो लगायत रेशाजन्य कच्चापदार्थमा आधारित लघु, घरेलु तथा साना उद्योगमा संलग्न उद्यमीहरु |
| ९ | माटोमा आधारित (सेरामिक्स) तालिम तथा प्रविधि सहयोग | प्रविधि हस्तान्तरण र सीप विकास तालिम दुवै | लघु, घरेलु तथा साना माटोमा आधारित (सेरामिक्स) उद्योगमा संलग्न उद्यमीहरु |

उल्लिखित कार्यक्रमहरुमध्ये आआफ्नो विषय/क्षेत्र/किसिमसँग सम्बन्धित लघु, घरेलु तथा साना उद्योगमा संलग्न उद्यमीहरुले एक भन्दा बढी कार्यक्रममा समेत छुट्टाछुट्टै रुपमा प्रस्ताव पेश गर्न सक्नेछन् ।

## २. प्रस्ताव पेश गर्ने तरिका

केन्द्रको वेबसाइट www.mcsipc.gov.np मा रहेको "प्रविधि आवेदन" मेन्युमा गई वा techtransfer.mcsipc.gov.np मा गई अनलाईन माध्यमबाट प्रस्ताव पेश गर्न सकिनेछ । अनलाइन माध्यमबाट प्रस्ताव पेश गर्न नसक्ने उद्यमीहरुले यसैसाथ संलग्न अनुसूची-१ बमोजिमको ढाँचामा प्रस्ताव तयार गरी आवश्यक कागजातहरु संलग्न गरी केन्द्रको कार्यालयमा कार्यालय समयभित्र प्रस्ताव पेश गर्न सक्नेछन् ।

अनलाइन माध्यमबाट प्रस्ताव पेश गर्ने यसैसाथ संलग्न मेनुअल " अनलाईन आवेदन गर्ने तरिका" पढेर थाहा पाउन सकिनेछ ।

**३. प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजात**

प्रस्ताव साथ उद्योग दर्ता/नवीकरण/ठाउँसारी/पुँजी वृद्धि प्रमाणपत्र, स्थायी लेखा नं./मू.अ. कर दर्ता प्रमाणपत्र, लेखा परीक्षण प्रतिवेदन र गत आर्थिक वर्षको कर चुक्ता पत्र, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी वा कम्पनी दर्ताको प्रमाणपत्र, माग गरेको प्रविधिको स्पेशिफिकेसन, यसैसाथ संलग्न अनुसूची- २ बमोजिमको स्थानीय तहको सिफारिस तथा कबुलियतनामा, एकल महिला, अपाङ्ग, असक्त वा दलित भए पुष्टि हुने कागजात र कार्यविधिमा तोकिएका अन्य कागजातहरु अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ ।

**४. प्रस्ताव पेश गर्ने अन्तिम मिति र समय**

अनलाइन माध्यममाः २०८०/१०/३ गते राती १२ बजेभित्र
हार्डकपी माध्यममाः २०८०/१०/३ गते कार्यालय समयभित्र

**५. प्रस्ताव छनौट गर्ने तरिका**

प्रस्तावको छनौट कार्यविधिको अनुसूची- ४ बमोजिमका आधारमा मूल्याङ्कन गरी गरिनेछ । कम्तिमा ५० अङ्क प्राप्त गर्ने प्रस्तावहरुमध्ये बजेटको सीमाभित्र पर्ने संख्यामा योग्यताक्रमका आधारमा प्रस्तावहरु छनौट गरिनेछ । यसरी छनौट गर्दा एक भन्दा बढी कार्यक्रममा प्रस्ताव गर्ने उद्यमीहरुको कुनै एउटा प्रस्ताव मात्रै छनौट गरिनेछ ।

**६. प्रस्ताव छनौट पश्चातको प्रक्रिया**

प्रस्तावको छनौट पश्चात प्रविधि हस्तान्तरण तथा सीप विकास तालिम सञ्चालनको प्रक्रिया कार्यविधिले निर्धारण गरे बमोजिम हुनेछ ।

७. कार्यक्रम सञ्चालन सम्बन्धी विस्तृत जानकारीका लागि केन्द्रको वेबसाइटमा रहेको **लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन तथा प्रविधि हस्तान्तरण कार्यविधि, २०८०** अध्ययन गर्न तथा केन्द्रमा सम्पर्क गर्न सकिनेछ । साथै कार्यक्रम सम्बन्धी अद्यावधिक जानकारीका लागि केन्द्रको वेबसाइटमा बेलाबेलामा प्रकाशित हुने सूचनाहरु हेर्न सकिनेछ ।

अनुसूची- १

(दफा ५ को उपदफा (५) सँग सम्बन्धित)

**प्रस्तावको ढाँचा**

श्री लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र,
त्रिपुरेश्वर, काठमाडौं ।

बिषयः प्रविधि हस्तान्तरण गरी पाउँ।

त्यस केन्द्रबाट मिति ......................... मा .................. राष्ट्रिय दैनिकमा प्रकाशित .................. विषयको सूचना बमोजिम देहाय बमोजिम सीप विकास तालिम/प्रविधि सहयोग पाउन निवेदन गरेको छु ।

१. उद्योगको नामः
२. उद्योगको ठेगानाः जिल्ला........................गा.पा/न.पा.................................
वडा नं.......गाउँ/टोल....................
टेलिफोन नं.................................ईमेलः...............................................
३. उद्योग दर्ता भएको भए कार्यालयः........................दर्ता नं...........मितिः.........
४. उद्योगको विवरणः
(क) स्थिर पूँजी:
(ख) चालू पूँजी:
(ग) कूल पूँजीः
(घ) वार्षिक उत्पादनको किसिम तथा परिमाणः
(ङ) रोजगारी सङ्ख्याः
(च) उद्योगको वर्गीकरणः लघु/घरेलु/साना
उत्पादनमूलक/कृषि तथा वन पैदावारमा आधारित/पर्यटन/सेवामूलक/अन्य
५. माग गरेको मेसिन/औजार/उपकरणको विवरण

| क्रस | मेसिन/औजार/उपकरणको नाम | स्पेसिफिकेसन | इकाई | परिमाण | अनुमानित | | पाइने स्थान वा आपुर्तिकर्ता | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | मूल्य दर | जम्मा मूल्य | | |
| | | | | | | | | |
| | | | | | | | | |

६. माग गरेको सीप तथा तालिम (प्रविधि हस्तान्तरण र सीप विकास तालिम दुवैका लागि मात्र)

| सीप तथा तालिमको विषय | सीप तथा तालिमको अवधि | तालिम लिन चाहेको स्थान | तालिममा सहभागी हुने उद्यमी/कामदारको संख्या |
|---|---|---|---|
| | | | |

७. माग गरेको मेसिन/औजार/उपकरणको उपयोग

(यस खण्डमा माग गरेको प्रविधि (मेसिन/औजार/उपकरण) उद्योग/कामको लागि किन उपयोगी छन् ? यी प्रविधिको प्रयोग पश्चात के कस्ता सकारात्मक परिवर्तन आउन सक्छन् उल्लेख गर्ने)

८. सीप तथा दक्षता

(यस खण्डमा माग गरेको प्रविधि (मेसिन/औजार/उपकरण) संचालन गर्ने सीप तथा दक्षताको के कस्तो अवस्था छ, उल्लेख गर्ने)

९. उद्योग प्रवर्द्धन योजना

(यस खण्डमा उद्योगमा प्रविधि सहयोगमार्फत ल्याउन खोजेको नवीनता, औचित्यता, कार्यान्वयन सहजता, प्राविधिक क्षमता तथा आर्थिक सम्भाव्यता, उत्पादनमा हुने वृद्धि उल्लेख गर्ने)

निवेदक

नामः

दस्तखतः उद्योगको छापः

मितिः

निवेदनको साथ अनिवार्य रुपमा संलग्न गर्नुपर्ने कागजातहरुः

उद्योग दर्ता/नवीकरण/ठाउँसारी/पुँजी वृद्धि प्रमाणपत्र, PAN/VAT दर्ता प्रमाणपत्र, लेखा परीक्षण प्रतिवेदन र गत आर्थिक वर्षको कर चुक्ता पत्र, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, माग गरेको प्रविधिको स्पेशिफिकेसन र तीन वटा स्वदेशी आपूर्तिकर्ताको दररेट, एकल महिला, अपाङ्ग, असक्त वा दलित भए पुष्टि हुने कागजात

अनुसूची- २

(दफा ५ को उपदफा (६) सँग सम्बन्धित)

**सिफारिस तथा कबुलियतनामा**

श्री लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र,

त्रिपुरेश्वर, काठमाडौं ।

बिषयः प्रविधि हस्तान्तरणको लागि सिफारिस।

त्यस केन्द्रबाट मिति ......................... मा .................. राष्ट्रिय दैनिकमा प्रकाशित .................. विषयको सूचना बमोजिम निम्न बमोजिमको कबुलियतनामा गरी उद्योगले सीप विकास तालिम/प्रविधि हस्तान्तरणका लागि सिफारिस माग गरेकोले निम्नानुसार सिफारिस गरिएको छ ।

तपसिलः

उद्योगको नामः- उद्योग रहेको ठेगाना (पालिका, वडा तथा टोल समेत):-

उत्पादन हुने वस्तु वा सेवाको नामहरु तथा बार्षिक परिमाणः-

उद्योगमा कार्यरत कामदार संख्याः- उद्योग संचालन भएको मितिः-

उद्योगको स्वामित्व (प्रत्येकको नाम तथा स्वामित्व प्रतिशत उल्लेख गर्ने) :-

| क्र.सं. | उद्योगमा स्वामित्व हुनेको नाम | नागरिकता नम्बर तथा ठेगाना | स्वामित्व प्रतिशतमा |
|---|---|---|---|
| | | | |
| | | | |

उद्योगको क्षमता अभिबृद्धिका लागि आवश्यक प्रविधिको नाम र अनुमानित बजार मूल्यः-

प्रविधि हस्तान्तरणको लागि उपयुक्त भएको/नभएकोः-

सीप विकास तालिमा माग गरिएको विषयः-

**उद्यमीको कबुलियतनामा**

१. मेरो प्रस्ताव छनौट भई प्रविधि प्राप्त भएमा उक्त प्रविधि (मेसिन/औजार/उपकरण) आफ्नो उद्योग व्यवसायको प्रवर्द्धन र विस्तारमा प्रयोग गर्नेछु ।

२. केन्द्रले कार्यविधि अनुसार निर्धारण गरे बमोजिम प्रविधि खरिदमा स्वलगानी गर्न मेरो मञ्जुरी छ ।

३. पछिल्लो २ वर्षमा मैले कुनै पनि सरकारी निकायबाट माग गरे बमोजिमको प्रविधि सहयोग प्राप्त नगरेको घोषणा गर्दछु । प्रविधि प्राप्त गरेको प्रमाणित भएमा मेरो आवेदन प्रक्रिया रद्द गर्न तथा प्रविधि प्राप्त गरिसकेपछि असूल उपर भएमा समेत मेरो मञ्जुरी छ ।

| सिफारिस गर्ने | कबुल गर्ने उद्यमीकोः |
|---|---|
| वडा अध्यक्ष वा वडा सचिवको नामः- | दस्तखतः- |
| दस्तखतः- | नामः- |
| पदः- | उद्योगको नामः- |
| कार्यालयको नामः- | ठेगानाः- |
| कार्यालयको छापः- | उद्योगको छापः- |
| मितिः | मितिः- |
| | मोबाईल नंवरः- |

# <u>अनलाईन आवेदन गर्ने तरिका</u>

लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रको वार्षिक बजेट तथा कार्यक्रममा उल्लिखित प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गर्न सूचना प्रकाशन गर्ने तथा मुलुभरीबाट सहयोग लिन इच्छुक उद्यमीहरुको आवेदन र यससँग सम्बन्धित कागजातहरु लिइ तोकिएको मूल्यांकन विधिबाट उद्यमीहरुको छनौट गर्दै प्रविधि हस्तान्तरण कार्यलाइ सहज बनाउने उद्श्यले यस पोर्टलको निर्माण गरिएको छ ।

इच्छुक आवेदकहरुले यस पोर्टलमा लग इन गरी प्रकाशित सूचनाहरुमा आवेदन दिन सक्नुहुने छ ।

आवेदन दिने प्रकृया यस अनुसार रहने छ :

- सबैभन्दा पहिले आफ्नो वेव ब्राउजरको address bar मा techtransfer.mscipc.gov.np टाइप गरी Enter थिच्नुहोस
- यसपछि तपाइले लगइन स्कृन देख्न सक्नुहुनेछ
- आवेदन दिनुअघि तपाँइले System मा Register गरी आफ्नो Username तथा Password प्राप्त गरेको हुनुपर्नेछ ।
- यसको लागि New User ? Register Now लिङ्कमा click गर्नुहोस
- यहाँ देखिएको Registration Screen मा आफ्नो पुरा नाम टाइप गर्नुहोस
- इमेल ठेगाना टाइप गर्नुहोस
- मोबाइल नम्बर टाइप गर्नुहोस
- आफ्नो पासवर्ड के राख्ने हो सो टाइप गर्नुहोस
- उक्त पासवर्ड पुन टाइप गर्नुहोस
- यति गरिसकेपछि I am Not a Robot चेक बक्स मा क्लिक गर्नुहोस
- छान्न दिएको Picture हरु छानेर Register Now मा क्लिक गर्नुहोस
- यदी तपाँइले पहिल्यै register गरिसक्नुभएको हो भने आफ्नो username तथा Password टाइप गरी लगइन गर्नुहोस

- यस पछि तपाइ Dashboard मा पुग्नुहुनेछ

- यहाँ उद्योगको आधारभूत विवरण सेभ गर्न Add Personal Info बटनमा क्लिक गर्नुहोस

- यस पेजमा उद्योगको नाम, ठेगाना, दर्ता भएको कार्यालयको विवरण, पूँजीको विवरण तथा उत्पादनको विवरण हरु भरी सेभ गर्नुहोस । उक्त विवरण एकपटक सेभ गरीसकेपछि भविष्यमा अन्य आवेदनहरु भर्नुपरेमा उक्त आधारभूत विवरण फेरि भरिरहनु पर्ने छैन ।

View Personal Info

| उद्योगको नाम | प्रदेश | जिल्ला |
|---|---|---|
| आशिष साबुन फाराम | बागमति प्रदेश | काठमाडौं |
| **स्थानीय तह** | **वार्ड नं** | **गाउँ/टोल** |
| काठमाण्डौ महानगरपालिका | 10 | नयाँ बानेश्वर |
| **दर्ता भएको कार्यालयको नाम** | **दर्ता नं.** | **उद्योग दर्ता मिति** |
| घरेलु कार्यालय काठमाण्डौ | 2659 | 2075-02-01 |
| **स्थिर पुँजी** | **चालु पूंजी** | **कुल पूँजी** |
| 300000.00 | 200000.00 | 500000.00 |
| **वार्षिक उत्पादनको किसिम** | **वार्षिक उत्पादन परिमाण** | **रोजगारी संख्या** |
| साबुन उत्पादन | 10000 पिस | 5 |
| **उद्योगको वर्गीकरण** | **आवेदकको नाम** | |
| साना उद्योग | राम शर्मा | |

Save

-

- यस पेजमा आवश्यक विवरणहरु भरी सेभ बटनमा क्लिक गर्नुहोस ।
- यसरी आधारभूत विवरण भरिसकेपछि तपाइ पुन केन्द्रद्वारा प्रकाशित गरिएका सूचनाहरुको सूचीमा पुग्नुहुनेछ
- जुन सूचना अन्तरगत आवेदन दिने हो उक्त सूनाको Apply Button मा क्लिक गर्नुहोस
- आवेदनको यस पहिलो खण्डमा उद्योगको आधारभूत विवरण आउनेछ जुन तपाइले पहिले नै भरिसक्नुभएको छ । यस पेजमा आवेदन मिति भर्नुहोस तथा आधारभूत विवरणमा केहि परिवर्तन भएको छ भने उक्त डाटा परिवर्तन गर्नुहोस ।

| सूचना शीर्षक | प्रकाशित मिति | म्याद सकिने मिति | प्रकाशन भएको मिडियाको नाम | सूचना फाइल |
|---|---|---|---|---|
| च्युरी प्रशोधन तथा च्यूरीको साबुन प्रवर्द्धन कार्यक्रम | 2080-09-02 | 2080-09-22 | गोरखापत्र | View File |


*(* सबै विवरण भरीसकेपछि 'Save' गर्नुहोस। त्यसपछि मात्र 'Next' बटनमा क्लिक गरी अर्को बुधामा जानुहोस।)*

| आवेदन मिति | उद्योगको नाम | प्रदेश |
|---|---|---|
| 2080-09-02 | आशिष साबुन फाराम | बागमति प्रदेश |
| **जिल्ला** | **स्थानीय तह** | **वार्ड नं** |
| काठमाडौं | काठमाण्डौ महानगरपालिका | 10 |
| **गाउँ/टोल** | **दर्ता भएको कार्यालयको नाम** | **दर्ता नं.** |
| नयाँ बानेश्वर | घरेलु कार्यालय काठमाण्डौ | 2659 |
| **दर्ता मिति** | **स्थिर पुँजी** | **चालु पूंजी** |
| 2075-02-01 | 300000.00 | 200000.00 |
| **कुल पूँजी** | **वार्षिक उत्पादनको किसिम** | **वार्षिक उत्पादन परिमाण** |
| 500000.00 | साबुन उत्पादन | 10000 पिस |
| **रोजगारी संख्या** | **उद्योगको वर्गीकरण** | **आवेदकको नाम** |
| 5 | साना उद्योग | राम शर्मा |

Save  Next

- सबै विवरणहरु भरी सेभ गर्नुहोस
- विवरण सेभ भैरसकेपछि Next Button देखिनेछ त्यसमा क्लिक गर्नुहोस
- यस पेजमा आफूले माग गरेको मेसिनको विवरण भर्नुपर्नेछ ।

- मेसिनउपकरणको नाम/औजार/ , स्पेसिफिकेसन, इकाई, परिमाण, मूल्य दर, जम्मा मूल्य, पाइने स्थान वा आपुर्तिकर्ता, संचालन गर्ने सीप तथा दक्षताको अवस्था, तथा केहि थप कुरा भए कैफियत मा भर्नुहोस



माग गरेको मेसिन विवरण

माग गरेको मेसिन विवरण

| सूचना शीर्षक | प्रकाशित मिति | म्याद सकिने मिति | प्रकाशन भएको मिडियको नाम | सूचना फाइल |
|---|---|---|---|---|
| च्युरी प्रशोधन तथा च्यूरीको साबुन प्रवर्द्धन कार्यक्रम | 2080-09-02 | 2080-09-22 | गोरखापत्र | View File |

(* जतिवटा मेसिन उपकरण माग गर्ने हो त्यती पटक फाराम भर्दै 'Save' गर्दै जानुहोस। तलको टेबलमा प्रविष्टि गरीएको सबै डाटा ठीक छ / छैन चेक गरी 'Next' बटनमा क्लिक गर्नुहोस

मेसिन/औजार/उपकरणको नाम: फ्रिज
स्पेसिफिकेसन: -
इकाई: गोटा
परिमाण: 1
मूल्य दर: 200000
जम्मा मूल्य: 200000
पाइने स्थान वा आपुर्तिकर्ता: काठमाण्डौ
संचालन गर्ने सीप तथा दक्षताको अवस्था: भएको
कैफियत: -

Previous | Save | Next

| # | मेसिन | विवरण | इकाइ | मात्रा | दर | कुल रकम | आपूर्तिकर्ताको नाम | कौशल उपलब्ध | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|

- अब Save बटनमा क्लिक गर्नुहोस

- यसैगरी जति प्रकारका मेसीनको माग गर्नु पर्ने छ त्यतिपटक यो फाराम भरी सेभ गर्दै जानुहोस । तपाँइले सेभ गर्नुभएको डाटा तलपट्टिको टेबलमा देखिनेछ ।

- सबै मेसीनको विवरण भरिसकेपछि आफूले भरेर सेभ गरेको डाटा तलको टेबलमा देखिएको छ वा छैन ठेगान गर्नुहोस । यदी छैन भने फाराम भरी पुन सेभ गर्नुहोस । यदि भरेको डाटा टेबलमा देखिएको छ भने Next Button मा क्लिक गर्नुहोस

-

- अब तपाँइ माग गरेको सिप तथा तालिमको पेजमा पुग्नुहुनेछ ।

- यस पेजमा सीप तथा तालिमको विषय, सीप तथा तालिमको अवधि, तालिम लिन चाहेको स्थान, तालिममा सहभागी हुने उद्‌यमी कामदारको/संख्या टाइप गरी सेभ गर्नुहोस ।

**माग गरेको सीप तथा तालिम**

माग गरेको सीप तथा तालि

| सूचना शीर्षक | प्रकाशित मिति | म्याद सकिने मिति | प्रकाशन भएको मिडियको नाम | सूचना फाइल |
|---|---|---|---|---|
| च्युरी प्रशोधन तथा च्यूरीको साबुन प्रवर्द्धन कार्यक्रम | 2080-09-02 | 2080-09-22 | गोरखापत्र | View File |

*(* उद्योग प्रवर्द्धन तथा प्रविधि खरिद कार्यक्रमका लागि मात्र)*

*(* जतिवटा सीप तथा तालिम लिन चाहेको हो त्यती पटक फाराम भर्दै Save गर्दै जानुहोस। तलको टेबलमा प्रविष्टि गरीएको सबै डाटा ठीक छ / छैन चेक गरी Next बटनमा क्लिक गर्नुहोस।)*

सीप तथा तालिमको विषय: साबुन बनाउने तालिम

सीप तथा तालिमको अवधि: १० दिन

तालिम लिन चाहेको स्थान: काठमाण्डौ

तालिममा सहभागी हुने उद्यमी/कामदारको संख्या: २

Previous | Save | Next

| # | सीप तथा तालिमको विषय | सीप तथा तालिमको अवधि | तालिम लिन चाहेको स्थान | तालिममा सहभागी हुने उद्यमी/कामदारको संख्या |
|---|---|---|---|---|

-

- सबै सीप तथा तालिमको विवरण भरिसकेपछि आफूले भरेर सेभ गरेको डाटा तलको टेबलमा देखिएको छ वा छैन ठेगान गर्नुहोस । यदी छैन भने फाराम भरी पुन सेभ गर्नुहोस । यदि भरेको डाटा टेबलमा देखिएको छ भने Next Button मा क्लिक गर्नुहोस

- यस नयाँ मोडुलमा तपाँइले माग गरेको मेसिनउपकरणको उपयोग/औजार/ सम्बन्धि विवरण टाइप गरि Save and Go to Next बटनमा क्लिक गर्नुहोस

-

माग गरेको मेसिन/औजार/उपकरणको उपयोग

माग गरेको मेसिन/औजार/उपकरणको उपयोग

| सूचना शीर्षक | प्रकाशित मिति | म्याद सकिने मिति | प्रकाशन भएको मिडियको नाम | सूचना फाइल |
|---|---|---|---|---|
| च्युरी प्रशोधन तथा च्यूरीको साबुन प्रवर्द्धन कार्यक्रम | 2080-09-02 | 2080-09-22 | गोरखापत्र | View File |

उपयोग

दैनिक उत्पादनमा प्रयोग गर्ने

Previous    Save & Goto Next

उपयोग

मरम्मतका लागि आएका ल्यापटपहरुको अभिलेख राख्ने

- यस खण्डमा तपाइले आफ्नो सिप तथा दक्षताको विवरण भर्नुपर्नेछ ।

### सीप तथा दक्षता

| सूचना शीर्षक | प्रकाशित मिति | म्याद सकिने मिति | प्रकाशन भएको मिडियको नाम | सूचना फाइल |
|---|---|---|---|---|
| च्युरी प्रशोधन तथा च्यूरीको साबुन प्रवर्द्धन कार्यक्रम | 2080-09-02 | 2080-09-22 | गोरखापत्र | View File |

सीप तथा दक्षता

हाल कामदारहरु दक्ष नभएको

Previous | Save & Goto Next

सीप तथा दक्षता

- हाल भएको आफ्नो सिप तथा दक्षताको विवरण भरी Save and Goto Next मा क्लिक गर्नुहोस
- फारामको यस भागमा आवेदकहरुले आफ्नो योजना को विवरण भर्नुर्नेछ

### उद्योग प्रवर्द्धन योजना

| सूचना शीर्षक | प्रकाशित मिति | म्याद सकिने मिति | प्रकाशन भएको मिडियको नाम | सूचना फाइल |
|---|---|---|---|---|
| च्युरी प्रशोधन तथा च्यूरीको साबुन प्रवर्द्धन कार्यक्रम | 2080-09-02 | 2080-09-22 | गोरखापत्र | View File |

*(* जतिवटा उद्योग प्रवर्द्धन योजना राख्ने हो त्यती पटक फाराम भर्दै 'Save' गर्दै जानुहोस। तलको टेवलमा प्रविष्टि गरीएको सबै डाटा ठीक छ / छैन चेक गरी 'Next' बटनमा क्लिक गर्नुहोस।)*

योजना विवरण

भविष्यमा च्यूरीको साबुनको उत्पादन गरी स्थानीय बजारमा बिक्रि वितरण गर्ने

Previous | Save | Next

| # | योजना विवरण |
|---|---|

- योजनाको विवरण भरी सेभ गर्नुहोस
- अब अर्को मोडुलमा जान Next बटनमा क्लिक गर्नुहोस
- यस मोडुलमा तपाँइले आफ्ना डकुमेन्टहरु अपलोड गर्नुपर्नेछ । लिष्टमा तोकीएका डकुमेन्टहरु अपलोड गर्नुहोस ।




-
- सबै कागजातहरु अपलोड गरिसकेपछि कागजातहरुको सूची देख्न सक्नुहुनेछ

| फाईलको विवरण | | |
|---|---|---|
| PAN/VAT दर्ता प्रमाणपत्र | View File | |
| उद्योग दर्ता प्रमाणपत्र | View File | |
| उद्योग नवीकरण / ठाँउसारी / पूँजी बृद्धि प्रमाणपत्र | View File | |
| एकल महिला, अपाङ्ग, अशक्त वा दलित भए पुष्टि हुने कागजात | View File | |
| तिनवटा आपूर्तिकर्ताको दररेट | View File | |
| नेपाली नागरिकता/कम्पनी दर्ता प्रमाणपत्र | View File | |
| माग गरेको प्रविधिको स्पेसिफिकेशन | View File | |
| लेखापरीक्षण प्रतिवेदन तथा गत आवको करचुक्ता पत्र | View File | |
| स्थानीय तहको सिफारिस तथा कबुलियतनामा | View File | |

- प्रत्येक कागजात सही छ कि छैन View File मा क्लिक गरि चेक गर्नुहोस। View File मा क्लिक गरपछि डकुमेन्ट अर्को ट्याबमा खुल्छ । चे गरी ट्याब बन्द गर्नुहोस । यसैगरी सबै डकुमेन्टहरु चेक गर्नुहोस
- यदी कुनै डकुमेन्ट गल्ति अपलोड भएको रहेछ भने Edit बटनमा कल्क गरी सच्याउनुहोस
- सबै ठीक छ भने View Final Report मा क्लिक गरी आफुले टाइप गरेको विवरण भेरिफाइ गर्नुहोस

आवेदन

प्रिन्ट गर्नु

श्री लघु,घरेलु तथा साना उद्योग प्रवद्धन केन्द्र,
त्रिपुरेश्वर, काठमाडौं
बिषय: प्रविधि हस्तान्तरण गरी पाउँ ।

त्यस केन्द्र/स्थानीय तहबाट मिति २०८०-०९-०२ मा गोरखापत्र पत्रिका/वेभसाइटमा प्रकाशित च्युरी प्रशोधन तथा च्यूरीको साबुन प्रवर्द्धन कार्यक्रम विषयको सूचना बमोजिम देहाय बमोजिम सीप विकास तालिम/प्रविधि सहयोग पाउन निवेदन गरेको छु ।

१. उद्योगको नाम: आशिष साबुन फाराम
२. उद्योगको ठेगाना: जिल्ला काठमाडौं गा.पा/न.पा काठमाण्डो महानगरपालिका वडा नं १० गाउँ/टोल नयाँ बानेश्वर
टेलिफोन नं ९८४१२८९७७८ ईमेल aswin@gmail.com
३. उद्योग दर्ता भएको भए कार्यलय: घरेलु कार्यालय काठमाण्डो
दर्ता नं : २६५९
मिति : २०७५-०२-०१
४. उद्योगको विवरण:
क) स्थिर पूँजी: ३००००० .००
ख) चालू पूँजी: २००००० .००
ग) कुल पूँजी: ५००००० .००
घ) वार्षिक उत्पादनको किसिम तथा परिमाण: साबुन उत्पादन - १०००० पिस

- तपाइले भर्नुभएको डाटा तथा अपलोड गर्नुभएको डकुमेन्टहरु सूचनाको अन्तिम म्याद रहुन्जेल कुनै पनि बेला dashboard को Apply बटनमा क्लिक गरी परिवर्तन गर्न सक्नुहुनेछ । सूचनाको अन्तिक म्याद सकिएपछि उक्त डाटा हेर्न मात्र पाउनुहुनेछ परिवर्तन गर्न पाउनुहुनेछैन
- यस Tutorial मा भनिए अनुसार आफ्नो आवेदन भर्नुहुनेछ भन्ने आशयका साथ यहाँहरुलाइ शुभकामना ।